## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१२/०८१/८२

आज मिति २०८१।११।२९ गते बिहिबार दिउँसो १२:१५ बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१२/०८१/८२ (बाह्रौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन प्रमुख | | |
| २. | मदन ठाकुर | खरिदार | | |
| ३. | श्यामबाबु प्र. यादव | का.स. | | |

**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको बैठक नं.१२/०८१/८२ मिति २०८१।११।२९ गतेको एजेण्डा तथा निर्णयहरु**

**छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)**

**१. कलैया उपमहानगरपालिकाको बिपन्न नागरिक आवास निर्माण सम्बन्धि कार्यविधि, २०८१ सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको विपन्न नागरिक आवास निर्माण सम्बन्धि कार्यविधि, २०८१ माथी छलफल गरियो । साथै स्वीकृत गर्ने निर्णय गरियो ।

**२. गरिब परिवार परिचय-पत्र कार्ड वितरण सम्बन्धमा ।**

**निर्णय :** नेपाल सरकार, भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयद्वारा स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा संचालित गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा गरिब परिवार पहिचानको लागि तथ्याङ्क संकलन, सो को विश्लेषण, प्रारम्भिक सूची प्रकाशन, स्थानिय तहमार्फत गुनासो संकलन र प्रशोधन, नेपाल सरकार मन्त्रीपरिषद्बाट अन्तिम नामावली स्वीकृती पश्चात छापिएको परिचय-पत्र "गरिब परिवार पहिचान तथा परिचय-पत्र वितरण निर्देशिका, २०७५ को दफा १६ कार्यान्वयन गर्न बनेको गरिब परिवार परिचय-पत्र वितरण कार्यविधि, २०७९" बमोजिम वितरणका लागि प्राप्त हुन आएको परिचय-पत्र कार्ड नामावली सम्पुर्ण वडामा जानकारी गराई २०८१ चैत्रको दोश्रो हप्ता देखि वितरण गर्ने निर्णय गरियो ।

**३. अपाङ्ग बालबालिकाहरुको पुनर्स्थापनका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र सँग सहकार्य सम्बन्धमा ।**

**निर्णय :** अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र मार्फत आ.ब.२०८१/०८२ मा यस उपमहानगरपालिका भित्र रहेका शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको समग्र पुनर्स्थापना एवं मूल प्रवाहीकरणको लागि रु.२१,००,०००।- अक्षरेपी रु.एकाईस लाख बरावरको प्रस्तावना पेश भएकोमा यस उपमहानगरपालिका तर्फको साझेदारी रकम रु.१५ लाख र अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपा काभ्रेको साझेदारी रकम रु. ६ लाखमा सहकार्य गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**४. कलैया उपमहानगरपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठयक्रम, २०८१ सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठयक्रम, २०८१ (हाम्रो कलैया) माथी छलफल गरियो । साथै उक्त पाठ्यक्रम यस उपमहानगरपालिकको सम्पूर्ण आधारभुत तहका विधालयहरुमा शैक्षिक सत्र २०८१ देखि लागु हुने गरि गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

**५. वडा नं.२६ मा ठुला चौपाया आयोजना संचालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको वडा नं.२६ मा ठुला चौपाया आयोजना संचालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**६. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सुझाव कार्यान्वयन सम्बन्धमा ।**

**निर्णय :** सङ्घीय मामिला तथा सामान्य प्रशासन प्रशासन मन्त्रालयको च.नं.२०९ मिति २०८१/११/०५ गतेको पत्रमा *"विपन्न नागरिक पहिचानका स्पष्ट आधार र मापदण्ड बनाई संघीय तथा प्रदेशिक कानूनसँग नबाझिने तथा दोहोरो सुविधा नपर्ने गरी स्थानीय तहको आन्तरिक आय र जनसँख्याको अनुपातका आधारमा स्थानीय तहको आर्थिक क्षमता र दीगोपना समेतलाई मध्यनजर गरी औषधी उपचार खर्चको*

*अधित्तम सीमा निर्धारण गरी कडा रोगहरु (क्यानसर, मुदुरोग, मृगौलारोग, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया) को लागि मात्र आवश्यक कानून बनाई औषधी उपचार खर्च उपलब्ध गराउन उपयुक्त हुने देखिएकोले सो तर्फ आवश्यक कदम उठाउना"* सुझाव प्राप्त भएकोले सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरिया ।

**७. शिक्षा अधिकृत स्तर सातौं तहका कर्मचारी श्री विजय अधिकारीको स्तरवृद्धि/तहवृद्धि सम्बन्धमा ।**

**निर्णय :** मधेश प्रदेश सरकारबाट जारी गरिएको "स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०८१ को दफा २९ उपदफा (१) मा भएको व्यवस्था बमोजिम यस उपमानगरपालिकाबाट मिति २०८१/०७/२८ गते प्रकाशित सूचना अनुसार शिक्षा सेवा, अधिकृत स्तर सातौं तहका कर्मचारी श्री विजय अधिकारीले दिएको निवेदन तथा यस उपमहानगरपालिकाको स्थानीय सेवाको गठन, संचालन र सेवाका सर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०८१ को नियम २० को उपनियम ३ अनुसार गठित "कर्मचारीहरूको तह वृद्धि तथा स्तर वृद्धि सिफारिस समिति" को मिति २०८१/११/११ गतेको निर्णय बमोजिम देहाय अनुसारको तह कायम हुनेगरी तह वृद्धी गर्ने निर्णय गरियो ।

तपसिल

| हाल कार्यरत पदको विवरण | तह वृद्धि भएको पदको विवरण |
|---|---|
| सेवा- शिक्षा सेवा<br>समूह/उपसमूह- शिक्षा प्रशासन<br>पद- शिक्षा अधिकृत<br>तह- अधिकृत स्तर सातौं<br>तह कायम भएको मिति- २०७६/१०/१७ | सेवा- शिक्षा सेवा<br>समूह/उपसमूह- शिक्षा प्रशासन<br>पद- शिक्षा अधिकृत<br>तह- अधिकृत स्तर आठौं<br>जेष्ठता कायम हुने मिति- २०७९/१०/१७ |

**८. सेवा, समूह/उप समूह परिवर्तन सम्बन्धमा ।**

**निर्णय :** मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ४३ को उपदफा २ मा भएको व्यवस्था बमोजिम यस उपमहानगरपालिकामा विगत ३ वर्ष भन्दा वढी समय देखि वडा सचिवको जिम्मेवारी पाई कार्यरत् रहेका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरु सहायक पाचौं (सि.अ.हे.ब.) श्री अवध किशोर साह (कर्मचारी संकेत नं.२१४१६३) र सहायक पाँचौ (सि.अ.हे.ब.) श्री नन्द किशोर जैसवार ( कर्मचारी संकेत नं.२१६५६६) ले सेवा समूह /उपसमूह परिवर्तनका लागि निवेदन पेश गरेकाले सेवा समूह/उपसमूह परिवर्तनका लागि प्रदेश लोक सेवा आयोगमा लेखी पठाउने निर्णय गरियो ।

**९. सुवेदी निर्माण सेवाको ठेक्का नं.०४ को म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.१, ४ र ५ मा पिच सडक निर्माण कार्य, ठेक्का नं.४ को कार्य सम्पन्न गर्न सुवेदी निर्माण सेवाले विभिन्न कारण देखाई म्याद थपको निवेदन पेश गरेको हुनाले उक्त निर्माण कार्य सम्पन्न गर्न २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**१०. वडा नं.१३ को सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको अधुरो भवन निर्माण सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.१३ सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको अधुरो भवन निर्माण कार्यको कुल लागतको ५०% यस उपमहानगरपालिकाको र ५०% जिल्ला समन्वय समितिको कार्यालय, कलैया, बाराको लागत सहभागितामा निर्माण गर्न सहमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**११. वडा नं.४ को आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.४ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको कुल लागतको ५०% यस उपमहानगरपालिकाको र ५०% जिल्ला समन्वय समितिको कार्यालय, कलैया, बाराको लागत सहभागितामा निर्माण गर्न सहमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**१२. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय :** तपसिलका योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पारिश्रमीक भुक्तानी हुनेगरि आ.व.२०८१/०८२ का लागि योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | वडा नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|
| १ | २५ | वडा नं.२५ स्थित खौराही नदी सरसफाई तथा मर्मत कार्य योजना | |
| २ | २७ | इमिर्ति खोला देखि ब्रहमवावा मन्दिर हुदै वडा नं.९ सम्मको कुलो पैनी सरसफाई तथा मर्मत कार्य | |

**१३. बोलबम काँवर सँघलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको आ.ब. २०८१/०८२ को वडा नं.१ को वडा स्तरीय योजना अन्तर्गत बोलबम कावरमा आर्थिक सहयोगको लागि विनियोजित भएको रकम रु. ५०,०००।- अक्षरेपी पचास हजार बाट यस उपमहानगरपालिका वडा नं.१ मा रहेको बोलबम काँवर संघद्वारा मिति २०८१/११/१७ देखि २४ घण्टा अखण्ड नाम धनु अष्ठ्याम श्री सिद्धेश्वर मन्दिरमा भएको कार्यक्रममा प्रसाद वितरणमा भएको खर्च बापत रु.५०,०००।- अक्षरेपी पचास हजार रकम बोलबम काँवर संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

**१४. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** पुस २७ गते विरगंजमा भएको विशाल आम सभाका लागि आम जनता पार्टी मधेश प्रदेश कमिटीलाई आर्थिक सहायता शिर्षकबाट रु.३५,०००।- अक्षरेपी पैतिस हजार रुपैया आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**१५. भारती बिल्डर्स लाई कार्य सम्पन्न गर्नको लागि म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको वडा नं.८ र वडा नं.९ मा हेल्थ पोष्ट भवन निर्माण कार्य सम्पन्नका लागि विभिन्न कारण देखाई भारती बिल्डर्स, कलैया उ.म.न.पा. ६ बाराले म्याद थपको निवेदन पेश गरेको हुनाले उक्त निर्माण कार्य सम्पन्न गर्न २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**१६. सुमन निर्माण सेवा लाई कार्य सम्पन्न गर्नको लागि म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको वडा नं.३ मा स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्नका लागि विभिन्न कारण देखाई सुमन निर्माण सेवा, दहियार, बाराले म्याद थपको निवेदन पेश गरेको हुनाले उक्त निर्माण कार्य सम्पन्न गर्न २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner

**१७. अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय :** चालु आ.व.२०८१/०८२ को पुष महिना देखी फाल्गुन १९ गतेसम्म विभिन्न वडागत तथा नगरस्तरीय योजनाहरुको कार्य सम्पन्न भए पश्चात विभिन्न मितिमा अनुगमन भई अनुगमन समितिका संयोजक तथा नगर उप-प्रमुख श्री रौशन परविन ज्यूबाट तपसिल बमोजिमको अनुगमन प्रतिवेदन पेश हुन आएकोले अनुगमन प्रतिवेदन माथी छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | अनुगमन भएको मिति विवरण | अनुगमन सँख्या | कैफियत |
|---|---|---|---|
| १ | मिति २०८१ पुष देखि फाल्गुन १९ गते सम्म | ७ वटा | पटक पटक गरी ४ दिनमा अनुगमन भएको |